**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालमा प्रकाशित ड्राफ्ट मतदाता सूचीमा दक्षिण 24 परगना जिल्लाबाट अत्यधिक नाम काटिएको छ, भने कलिम्पोंगमा सबैभन्दा कम नाम ड्राफ्ट सूचीबाट हटेको छ।

- दार्जीलिङका राज्यसभा संसद हर्षवर्धन श्रृंगलाले मतदाता सूची एस आई आर प्रक्रियालाई संवैधानिक सम्मान जोगाउन आवश्यक सुधारको रूपमा वर्णन गर्नु भएको छ।

- मुख्यमन्त्री ममता बनर्जीले खेलकुद मन्त्री अरुप विश्वासको हस्तलिखित राजीनामा पत्र स्वीकार गर्नुभएको छ।

- दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले हिजो सदनमा DGHC वा GTA जस्ता व्यवस्थाहरूले गोर्खाहरुको समस्यालाई सम्बोधन गर्न असफल भएको बताउनु भएको छ।

- डीडीसीसीबी लिमिटेडका पूर्व अध्यक्ष आर.पी. निरौलाको निधनमा हिजो एक शोक सभा कार्यक्रम आयोजना गरियो।

**पश्चिम बंगालमा मतदाता सूची**

पश्चिम बंगालमा प्रकाशित ड्राफ्ट मतदाता सूचीको आंकड़ाले प्रशासनिक अनि राजनीतिक संकेत अघि आएको छ। राज्यको 24 जिल्लाहरुमा सबैभन्दा ज्यादा मतदाताहरुको नाम दक्षिण 24 परगना जिल्लाबाट काटिएको छ, त्यहीँ पहाड़ी जिल्ला कलिम्पोंगमा सबैभन्दा कम नाम ड्राफ्ट सूचीबाट हटेको छ।निर्वाचन आयोगको तर्फबाट जारी जानकारी अनुसार, अक्टूबर 2025 सम्म पछिलो मतदाता सूचीको तुलनामा दक्षिण 24 परगना जिल्लाबाट आठ लाख भन्दा अधिक मतदाताहरुको नाम ड्राफ्ट सूचीमा सामेल गरिएको छैन। यो आंकड़ा राज्यको सबै जिल्लाहरु मध्ये सबैभन्दा ज्यादा हो। दोस्रो स्थानमा उत्तर 24 परगना जिल्ला रहेको छ, जहां लगभग 7.93 लाख मतदाताहरुको नाम ड्राफ्ट सूचीबाट बाहिर गरिएको छ । कोलकातासित जोडिएको हावड़ा जिल्लामा यो संख्या लगभग 4.47 लाख रहेको छ , हावड़ा तेस्रो स्थानमा रहेको छ । कोलकाता उत्तर जिल्लामा लगभग 3.91 लाख नाम हटाइएको छ, जबकि हुगली जिल्लामा यो आंकड़ा लगभग 3.18 लाख रहेको छ। पश्चिम बर्दवान जिल्लामा लगभग 3.06 लाख मतदाताहरुको नाम ड्राफ्ट सूचीमा छैन ।यस बाहेक मुर्शिदाबाद, नदिया, मालदा, कोलकाता दक्षिण, पश्चिम मेदिनीपुर अनि पूर्व बर्दवान जस्ता जिल्लाहरुमा दुइ लाखभन्दा अधिक मतदाताहरुको नाम ड्राफ्ट सूचीबाट बाहिरीएको छ। कूचबिहार, जलपाईगुड़ी, दार्जिलिंग, उत्तर दिनाजपुर, पूर्व मेदिनीपुर, पुरुलिया अनि बांकुड़ा जिल्लाहरुमा एक लाखभन्दा अधिक नाम हटाइएको छ। त्यही दक्षिण दिनाजपुर, अलीपुरद्वार अनि झारग्राम जिल्लाहरुमा ड्राफ्ट सूचीबाट हटाइएको मतदाताहरुको संख्या एक लाखभन्दा कम छ। सबैभन्दा कम प्रभावित जिल्ला कलिम्पोंग हो, जहां 18 हजारभन्दा कम मतदाताहरुको नाम ड्राफ्ट सूचीबाट हटाइएको छ।ड्राफ्ट मतदाता सूचीको प्रकाशनको साथै राज्यमा विशेष गहन पुनरीक्षणको पहिलो चरणको प्रक्रिया 16 दिसंबरको दिन पुरा भएको छ । यो प्रक्रिया चार नवंबर देखि शुरू भएको थियो। अब दोस्रो चरणमा दाबी अनि आपत्ति दाखिल गर्ने प्रक्रिया शुरू हुनेछ। त्यसपछि नोटिस जारी गर्ने, सुनुवाई, सत्यापन अनि दाबी अनि आपत्तिहरु जुझ्ने प्रक्रिया निर्वाचन पंजीकरण अधिकारिहरुद्वारा एकै साथ गरिनेछ।निर्वाचन आयोगले अंतिम मतदाता सूची 14 फरवरी 2026 को दिन प्रकाशित गर्ने स्पष्ट गरेको छ । त्यसपछि मात्रै पश्चिम बंगालमा आगामी वर्ष प्रस्तावित विधानसभा चुनावको तारीख घोषणा गरिनेछ।

**संसद हर्षवर्धन श्रृंगला s i r**

दार्जीलिङका राज्यसभा संसद हर्षवर्धन श्रृंगलाले मतदाता सूची एस आई आर (Special Intensive Revision) प्रक्रियालाई दृढतापूर्वक समर्थन गर्दै यसलाई भारतको लोकतान्त्रिक प्रक्रियाको विश्वास, पवित्रता र संवैधानिक सम्मान जोगाउन आवश्यक सुधारको रूपमा वर्णन गर्नु भएको छ। संसदमा बोल्दै उहाँले भन्नुभयो - "चुनाव लोकतन्त्रको मेरुदण्ड हो, र यसको ईमानदारीको रक्षा सार्वजनिक विश्वास कायम राख्न अत्यन्तै आवश्यक छ।" उहाँले भन्नुभयो एस आई आर केवल प्रशासनिक प्रक्रिया मात्र होइन, यो यस्तो प्रणालीगत अभ्यास हो जसले मतदाता सूचीमा केवल वास्तविक र योग्य नागरिकहरू मात्र समावेश हुने सुनिश्चित गर्छ।"

श्री श्रृंगलाका अनुसार, यस प्रक्रियाले नक्कली वा अवैध नामका कारण वैध मत कमजोर हुने अवस्थालाई रोक्ने छ, र स्वतन्त्र, निष्पक्ष तथा स्वच्छ चुनावको आधारलाई बलियो बनाउँछ। उहाँले मतदाता सुचीमा अवैध प्रवेश रोक्नु र जाँच प्रक्रिया सुदृढ पार्नु आजको सुरक्षा तथा प्रशासनिक परिस्थितिमा अत्यन्तै आवश्यक रहेको पनि बताउनु भयो।

**अरुप विश्वास**

लियोनेल मेस्सीको कार्यक्रमको क्रममा भएको अराजकतालाई लिएर एउटा ठूलो राजनीतिक निर्णय गरिएको छ। मुख्यमन्त्री ममता बनर्जीले खेलकुद मन्त्री अरुप विश्वासको हस्तलिखित राजीनामा पत्र स्वीकार गर्नुभएको छ। मुख्यमन्त्रीले निष्पक्ष अनुसन्धान पूरा नभएसम्म खेलकुद तथा युवा कल्याण विभाग अन्य कुनै मन्त्रीलाई हस्तान्तरण नगरिने अनि हालका लागि बिभाग आफैसित राख्ने स्पष्ट गर्नुभएको छ |

अरुप विश्वासले मुख्यमन्त्रीलाई लेखेको पत्रमा युवभारती काण्डको निष्पक्ष अनुसन्धान सुनिश्चित गर्न आफू खेलकुद मन्त्री पदबाट मुक्त हुन चाहेको बताउनु भएको छ। मुख्यमन्त्री ममता बनर्जीले पत्र स्वीकार गर्दै अरुप विश्वासको भावना र उद्देश्यको प्रशंसा गर्नुभएको छ।

हिजो तृणमूल कांग्रेसका प्रदेश महासचिव कुणाल घोषले अरुप विश्वासको राजीनामा सार्वजनिक गर्नुभएको थियो। पत्र डिसेम्बर १५ मा लेखिएको थियो। राजीनामा पछि, खेलकुद तथा युवा कल्याण विभागका वरिष्ठ अधिकारीहरूलाई नभानमा बोलाइएको थियो र राजीनामा आधिकारिक रूपमा स्वीकृत गरिएको थियो। उल्लेखनीय छ कि डिसेम्बर १३ मा युवभारतीमा आयोजित कार्यक्रममा अराजकता मच्चिएको थियो। हजारौं दर्शकहरूले महँगो टिकट किनेका थिए, तर उनीहरूले मेस्सीको एक झलक पनि पाउन सकेनन्। कार्यक्रमको क्रममा मन्त्रीहरू र विशिष्ट पाहुनाहरूको भीड मेस्सीको वरिपरि जम्मा भएको आरोप छ, जसले गर्दा सर्वसाधारण ठगिएको महसुस गरे। यस घटनापछि, अरुप विश्वासको मेस्सीसँगको नजिकको भेटघाटको तस्बिर र भिडियोहरू सामाजिक सञ्जालमा भाइरल भए, जसको कारणले तीव्र आलोचना भयो र सरकार छानबिनको सामना गर्नु पर्यो।

**भाजपा- बंगाल**

खेल मंत्री अरूप विश्वासको राजिनामा सम्बन्धमा भारतीय जनता पार्टीले ममता बनर्जी सरकारमाथि जोरदार प्रहर गरेको छ । पार्टीले यसलाई वास्तविक जवाबदेहीताको साटो जनताको आक्रोशलाई शांत गर्ने एक चालको रुपमा बयान गर्नुभयो।भाजपा आईटी सेलका प्रमुख अनि पश्चिम बंगालका सह पर्यवेक्षक अमित मालवीयले सोशल मीडिया प्लेटफॉर्म एक्समा भन्नुभयोयो एक खुल्ला स्वीकारोक्ति हो कि मेसी इवेंटमा भएको घटना आकस्मिक होइन तर, सरकार द्वारा निर्मित आपदा थियो।

**सांसद राजु बिष्ट**

दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले हिजो सदनमा DGHC वा GTA जस्ता व्यवस्थाहरूले गोर्खाहरुको समस्यालाई सम्बोधन गर्न असफल भएको बताउनु भएको छ। यस क्षेत्रको समस्य समाधानका लागि संविधान अन्तर्गत स्थायी समाधान नै एक मात्र तरिका भएको श्री बिष्टले संसदलाई जानकारी दिनुभयो। श्री बिष्टले भन्नुभयो भारतको संविधानले प्रत्येक नागरिकलाई समान अधिकार, मर्यादा र न्यायको ग्यारेन्टी दिन्छ। माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीको नेतृत्वमा, "न्याय" को यो संवैधानिक प्रतिज्ञा देशको सबैभन्दा उपेक्षित क्षेत्रहरूमा पनि पुगेको छ, जसले "सबका साथ, सबका विकास" को भावनालाई प्रतिबिम्बित गर्दछ। यद्यपि, दार्जिलिङ पहाड, तराई र डुवर्सका जनता आफ्नो पहिचान, आकांक्षा र संवैधानिक अधिकारको सम्मान गर्ने न्यायपूर्ण समाधानको आशाका साथ पर्खिरहेका छन्। उहाँले भन्नुभयो केन्द्र सरकारले यस क्षेत्रको लामो समयदेखि थाती रहेका समस्याहरू समाधान गर्न

इमान्दारिता देखाएको भन्दै वार्ताकारको नियुक्तिले संवाद र शान्तिपूर्ण समाधानप्रति सरकारको प्रतिबद्धतालाई प्रदर्शन गरेको बताउनु भयो।

## आर पी निरौलाको निधनमा शोक सभा

डीडीसीसीबी लिमिटेडका पूर्व अध्यक्ष आर.पी. निरौलाको निधनमा हिजो एक शोक सभा कार्यक्रम आयोजना गरियो। उहाँको असामयिक निधनले डीडीसीसीबी लिमिटेड परिवार मात्र नभई सम्पूर्ण पहाडी क्षेत्र र सहकारी आन्दोलनले एक असल मार्गदर्शक गुमाएको यस कार्यक्रममा अवगत गराईयो। आर पी निरौला एक दूरदर्शी, इमानदार तथा कर्मठ व्यक्तित्व रहेको सभामा जिल्ला चेयरमेन केशव राज पोखरेलले बताउनु भयो। उहाँको नेतृत्वमा डीडीसीसीबी लिमिटेडले संस्थागत सुदृढीकरण, सहकारी मूल्य–मान्यताको प्रवर्द्धन तथा जनसेवामा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको पनि पोखरेलले जानकारी दिए।

## प्रजापिता बह्रमकुमारी

प्रजापिता बह्रमकुमारी इश्वरीय विश्व विध्यालय बिके पाठशाला मिरिकको 21 औं स्थपना दिवस विविध कार्यक्रमको साथमा पालन गरियो| अर्पणा पाख्रिनको संचालनमा पालन गरिएको कार्यक्रममा प्रजापिता बह्रमकुमारी इश्वरीय विश्व विध्यालय बिके पाठशाला उत्तर बंगालका मुख्य संचालिका केशरी दिदी,मिरिक प्रभारी पूर्णिमा दिदीसहित बिभिन्न क्षेत्रका धेरै अनुयायीहरूको उपस्थिति थियो। कार्यक्रम अन्तर्गत मिरिक फुलबारी मैदान परिसरमा नशामुक्त अभियान अन्तर्गत नशालु पदार्थ सेवनले हुने हानीहरूबारे विस्तृत सचेतना गराँउने कार्यक्रम गरियो।

****** ० ******